# देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# केरवानी, रुपन्देही



स्थानीय सेवाको व्यवस्थापन सम्बन्धि नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यन्वयन र नियमन सम्बन्धि

# देवदह नगरपालिकाको मापदण्ड-२०८०


प्रकाशक

देवदह नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

केरवानी, रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

Website: www.devdahamun.gov.np

E-mail : devdahamun@gmail.com

स्थानिय सरकारलाई एकल तथा साझा अधिकार प्रदान गरिएको छ । जनताको नजिकको सरकार र जनताको चाहना,आवस्यकता, सहभागिता संग नजिकबाट परिचित सरकारले आफ्ना गतिविधिहरु जनसहभागितामुलक तवरले संचालन गर्दै आएका छन् । जनसहभागिता सुशासनका लागि अपरिहार्य छ । राज्य तिन तहको सरकारले कामकाज गर्दै आएकोमा स्थानिय सरकारले आफ्ना गतिविधिहरु व्यवस्थान गर्न ऐन, नियम र कानुन बनाई कामकाज गर्दै आएको सन्दर्भमा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २ को ङ (१) को व्यवस्था अनुरुप यो मादण्ड तयार पारि नगरपालिकाको सेवा प्रवाह लाई पारदर्शि र व्यवस्थित वनाईएको छ ।

## १.१ परिचय

वि.सं. २०७२ मा जारी नेपालको संविधानमा राज्यकानिर्देशक सिद्धान्तहरू अन्तर्गत नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, संमानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिकहक तथा मानवअधिकारका मूल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिकन्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्थाकायम गर्ने उल्लेख छ । स्थानीय स्तरबाट प्रदान गरिने सेवा प्रति स्थानीय सरकारलाई जवाफदेहि बनाउदै नागरिक मैत्री सेवा प्रवाह आजको आवसेकता हो ।राज्यले स्थानिय निकायलाई जवाफदेही र मर्यादित बनाउन स्थानिय सरकार संचालन ऐन २०७४ निर्माण गरि लागु गरेको छ । स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २ को ङ (१) को व्यवस्था र संस्थागत क्षेमता स्व मुल्याङ्कनको सुचक अनुसार देवदह नगरपालिकाको सेवा प्रवाहलाई मर्यादित र पार्दर्शि बनाउदै आम नागरिक प्रति विश्वसनियता र सेवा संचालनको लागि देवदह नगरपालिका बाट निर्माण गरिएका ऐन,नियम,नीति,कार्यविधि र नागरिक वडा पत्रमा उल्लेख भए अनुसार यो मापदण्ड तयार पारि लागु गरिएको छ ।

### १.२ देवदह नगरपालिकाको Standard Working Procedure(SOP)

क. ऐन नियम कानून कार्यविधि

Standard Working Procedure(SOP) कार्यन्वयनका लागि देवदह नगरपालिकामा विधमान ऐन, नियम, कानून, कार्यविधिले निर्दिष्ट गरेको चरणवद्ध प्रकृयागत क्रियाकलाप लाई आधार मानि कार्य सम्पादन गरिने छ ।

| |
|---|
| मालसामान लिलाम बिक्रि कार्यविधि, २०८० |
| निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८० |
| सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८० |
| देवदह नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०८० |
| बहुउद्देश्यीय कोशेली भवन संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० |

| |
|---|
| अव्यवस्थित जग्गामा निर्माण भएका संरचना सूचीकरण सम्बन्धी कार्यविधि, २०८० |
| देवदह नगरपालिकाको आर्थिक ऐन, २०८० |
| देवदह नगरपालिकाको विनियोजन ऐन, २०८० |
| देवदह नगरपालिकाको नगर प्रमुख तथा उपप्रमुखको सचिवालय व्यवस्थापन सम्वन्धी ऐन, २०८० |
| देवदह नगरपालिकाको न्यायिक समिति कार्यविधि सम्बन्धी ऐन २०७४ को पहिलो संशोधन, २०८० |
| देवदह नगरपालिकाको नगर प्रमुखसँग उद्यमी रोजगार कार्यक्रम संचालन कार्यविधि, २०८० |
| देवदह नगरपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी छनौट सम्बन्धी कार्यविधि, २०८० |
| देवदह नगरपालिकाको आर्थिक सहायता सम्वन्धी कार्यविधि, २०७९ |
| देवदह नगरपालिकाको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७७ (पहिलो संशोधन २०७९) |
| देवदह नगरपालिकाको जलश्रोत सम्बन्धी नियमावली, २०७९ |
| देवदह नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ |
| देवदह नगरपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७८ को पहिलो संशोधन- २०७९ |
| देवदह नगरपालिकाको स्वास्थ्य संस्थाहरुमा रहेका कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७९ को पहिलो संशोधन-२०७९ |
| देवदह नगरपालिकाको टोल विकास संस्था कार्यविधि, २०७५ को पहिलो संशोधन- २०७९ |
| देवदह नगरपालिकाको प्रज्ञा प्रतिष्ठान ऐन, २०७८ को पहिलो संशोधन, २०७९ |
| देवदह नगरपालिकाको जलश्रोत उपयोग सम्बन्धी ऐन, २०७९ |
| देवदह नगरपालिकाको विनियोजन ऐन, २०७९ |
| देवदह नगरपालिकाको आर्थिक ऐन, २०७९ |
| देवदह नगरपालिकाको नगर शिक्षा ऐन, २०७४ को पहिलो संशोधन, २०७९ |
| देवदह नगरपालिकाको स्वास्थ्य संस्थाहरुमा रहेका कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७९ |
| मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सिफारिस समिति कार्यविधि, २०७९ |
| देवदह नगरपालिकाको सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७८ को पहिलो संशोधन, २०७९ |
| देवदह नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०७९ |
| देवदह नगरपालिकाको संकलन केन्द्रको अवधारणामा उत्पादनमा आधारित कृषक सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७८ |
| देवदह नगरपालिकाको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको सेवा केन्द्र गठन तथा संचालन कार्यविधि, २०७८ |
| देवदह नगरपालिकाका बालसमूह र बालसमूह संजालको गठन तथा सहजिकरण निर्देशिका, २०७८ |
| देवदह नगरपालिकाको अटो रिक्सा, ई-रिक्सा दर्ता तथा व्यवस्थापन कार्यविधि, २०७८ |
| देवदह नगरपालिकामा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ |
| देवदह नगरपालिकाको प्रज्ञा प्रतिष्ठान ऐन, २०७८ |
| देवदह नगरपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७८ |

| |
|---|
| देवदह नगरपालिकाको सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७८ |
| देवदह नगरपालिकाको संस्था दर्ता नियमावली,२०७८ |
| देवदह नगरपालिकाको घर जग्गा लिज तथा बहालमा दिने सम्बन्धी निर्देशिका, २०७८ |
| देवदह नगरपालिकाको नगर प्रहरी ऐन, २०७६ को पहिलो संशोधन-२०७८ |
| आर्थिक ऐन-२०७८ |
| विनियोजन ऐन-२०७८ |
| योगदानमा आधारित सामाजिक सुरक्षा कार्यविधि-२०७८ |
| संस्था दर्ता ऐन-२०७८ |
| देवदह नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरूलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ |
| देवदह नगरपालिकाको निशुल्क रक्त सेवाको लागि अनुदान सम्बन्धि कार्यविधि, २०७७ |
| देवदह नगरपालिकाको आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ |
| देवदह नगरपालिकाको पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ |
| देवदह नगरपालिकाको विनियोजन ऐन, २०७७ |
| देवदह नगरपालिकाको आर्थिक ऐन, २०७७ |
| देवदह नगरपालिकाको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७७ |
| देवदह नगरपालिकाको असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असाहायहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ |
| देवदह नगरपालिकाको कृषक समूह गठन व्यवस्थापन कार्यविधि, २०७६ |
| देवदह नगरपालिकाको नगर खेलकूद विकास समिति सञ्चालन कार्यविधि, २०७६ |
| देवदह नगरपालिकाको आवधिक विकास योजना तर्जुमा कार्यविधि, २०७६ |
| देवदह नगरपालिकाको स्वयंसेवी शिक्षक व्यवस्थापन अनुदान कार्यविधि, २०७६ |
| देवदह नगरपालिकाको आर्थिक ऐन, २०७६ |
| देवदह नगरपालिकाको विनियोजन ऐन, २०७६ |
| देवदह नगरपालिकाको नगर प्रहरी ऐन, २०७६ |
| देवदह नगरपालिकाको उप-प्रमुखसँग महिला कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ |
| देवदह नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ |
| देवदह नगरपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ |
| देवदह नगरपालिकाको टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७५ |
| देवदह नगरपालिकाको बालकोष सञ्चालन कार्यविधि, २०७५ |
| देवदह नगरपालिकाको विनियोजन ऐन, २०७५ |
| देवदह नगरपालिकाको आर्थिक ऐन, २०७५ |
| देवदह नगरपालिकाबाट प्रकाशित राजपत्र संग्रह |

**ख. नगरपालिका मार्फत प्रवाह हुने सेवा र कार्य प्रणालि**

देवदह नगरपालिकाबाट सम्पादन हुने काम, जिम्मेवारी, काम गर्ने अवधि सहितको विवरण

| क्र.सं. | नगरपालिकाबाट सम्पादन हुने काम | सम्पादन गरिने अवधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | नगरपालिकाबाट संचालनहुने आयोजनाहरुको सम्झौता | पेश भएकै दिन थप विवरण लिनु पर्ने भएमा ३ दिन भित्र | प्रमुख प्रशासकीय अधिकृत/ योजना प्रमुख/ र सम्बन्धित प्राविधिक |
| २ | सम्पन्न आयोजनाको भुक्तानी | पेश भएकै दिन वा थप विवरण लिनु परेमा ३ दिन भित्र | प्रमुख प्रशासकीय अधिकृत/ योजना प्रमुख/ आर्थिक प्रशासन शाखा र सम्बन्धित प्राविधिक |
| ३ | अत्यावसेक माग | कागजात पुरा गरि पेश गरेको दिन वा थप विवरण लिनु परेमा ३ दिन भित्र | प्रमुख प्रशासकीय अधिकृत/ योजना शाखा प्रमुख |
| ४ | प्रकृतिक प्रकोप विपत वा राहत | कागजात पुरा गरि पेश गरेको दिन वा थप विवरण लिनु परेमा ३ दिन भित्र | प्रमुख प्रशासकीय अधिकृत/ विपत व्यवस्थापन शाखा प्रमुख |
| ५ | जेष्ठ नागरिक परिचय पत्र | कागजात पुरा गरि पेश गरेको अवस्थामा डाक्टर को निरिक्षण भएकै दिन | प्रमुख प्रशासकीय अधिकृत/ महिला बालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख |
| ६ | अपाङ्ग परिचय पत्र | कागजात पुरा गरि पेश गरेको दिन | प्रमुख प्रशासकीय अधिकृत/ महिला बालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख |
| ७ | घर नक्सा पास | प्रकृया पुरा भएपश्चात | प्रमुख प्रशासकीय अधिकृत/ नक्शा शाखा प्रमुख |
| ८ | निर्माण भएका घरको अभिलेखीकरण | प्रकृया पुरा भएपश्चात | प्रमुख प्रशासकीय अधिकृत/ नक्शा शाखा प्रमुख |
| ९ | संस्था दर्ता | कागजात पुरा भएको हकमा सोहि दिन अन्य बुझनु पर्ने भएमा ३ दिन भित्र | प्रमुख प्रशासकीय अधिकृत/ तोकेको शाखा प्रमुख |

| | | | |
|---|---|---|---|
| १० | उजुरी दर्ता | पेश भएको दिन | न्यायिक समिति/ तोकेको सहजकर्ता |
| ११ | विद्यालय संचालन स्वीकृती/कक्षा स्तरोन्नति सिफारिस | कागजात पुरा भएको हकमा सोहि दिन अन्य बुझनु पर्ने भएमा ३ दिन भित्र | प्रमुख प्रशासकीय अधिकृत / शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख |
| १२ | मिलापत्र सम्बन्धि काम | तोकिएको समयमा | न्यायिक समिति/ कानुनि सल्लाहाकार |
| १३ | नगरपालिकाबाट हुने सिफारिस र प्रमाणित सम्वन्धि काम | कागजात पुरा भएको हकमा सोहि दिन अन्य बुझनु पर्ने भएमा ३ दिन भित्र | प्रमुख प्रशासकीय अधिकृत / सम्बन्धित शाखा प्रमुख |
| १४ | उपचार सिफारिस | निवेदन पेश भएकै दिन | प्रमुख प्रशासकीय अधिकृत / सम्बन्धित शाखा प्रमुख |
| १५ | आर्थिक सहायता | निवेदन पेश भएको दिन | प्रमुख प्रशासकीय अधिकृत / सम्बन्धित शाखा प्रमुख |

**देवदह नगरपालिकाबाट सेवा प्रवाह गर्दा पेश गर्नु पर्ने कागजात तथा लाग्ने दस्तुरको विवरण**

| क्र.सं. | नगरपालिकाबाट सम्पादन हुने काम | आवस्यक कागजात | शुल्क |
|---|---|---|---|
| १ | नगरपालिकाबाट संचालनहुने आयोजनाहरुको सम्झौता | १. आयोजना पुस्तिकाको प्रति<br>२. उपभोक्ता समिति गठन गर्ने आम भेलाको निर्णय प्रतिलिपि<br>३. उपभोक्ता सदस्यहरुको प्रतिलिपि समितिका नागरिकताको<br>४. प्राबिधिकबाट तयार भएको लागत अनुमान विवरण<br>५. वडा कार्यालयको सिफारिस पत्र<br>६. उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय ।<br>७. खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता सञ्चालनको लागि कागजातहरु । आवश्यक | कुनै शुल्क नलाग्ने |

| | | | |
|---|---|---|---|
| | | ८. आयोजना कार्यान्वयनको कार्य तालिका ।<br>९. कार्यालयले तोके बमोजिमका अन्य कागजातहरु । | |
| २ | सम्पन्न आयोजनाको भुक्तानी | १. आयोजना पुस्तिकाको प्रतिलिपि<br>२. आयोजना सम्झौताको प्रतिलिपि<br>३. सम्झौता बमोजिमको कामको प्राविधिक मुल्याङ्कन कार्य सम्पन्न प्रतिवेदन ।<br>४. उपभोक्ता समिति गठनको निर्णयको प्रतिलिपि समितिले सम्पादन गरेको काम र अगको वर्च विवरण, सार्वजनिकीकरण गरेको निर्णय सहितको कार्यसम्पन्न सम्बन्धी निर्णय प्रतिलिपि, सार्वजनिक सुनुवाईको प्रतिवेदन ।<br>५. कार्यालयको कार्य सम्पन्नताको सिफारिस पर र अनुगमन प्रतिवेदन ।<br>६. नगरपालिकास्तरीय अनुग समितिको अनुगमन प्रतिवेदन सहितको सिफारिस पत्र<br>५. आयोजना संचालन गर्नुपूर्व र भएपश्यालको कम्तिमा २.२ प्रति फोटो<br>८. आयोजनाको कार्यसम्पादनका क्रममा भएको बिल भरपाई र निर्णयहरुको प्रतिलिपि<br>९. आयोजना स्थलको सूचनापाटीको फोटो ।<br>१०. कार्यालयले तोके बमोजिमका अन्य कागजातहरु।<br>११. आयोजना स्थलको शुरुवात भन्दा अघि आयोजना निर्माणको घरण तथा आयोजना सम्पन्न भएपश्चात् गरी तिनै चरणको फोटोहरु । | निशुल्क |
| ३ | अत्यावसेक योजना माग | १. आयोजना माग सम्बन्धी टोल विकास संस्था, लाभग्राही उपभोक्ताहरुको बैठकको निर्णय प्रतिलिपि<br>२. आयोजना बैंकमा समावेश भएको आयोजना विवरण<br>३. वडा कार्यालयको सिफारिस पत्र | निशुल्क |

| | | | |
|---|---|---|---|
| | | ४. आयोजना विवरण प्राथमिकीकरणको<br>५. कार्यालयले तोके बमोजिमका अन्य कागजातहरु । | |
| ४ | प्रकृतिक प्रकोप विपत वा राहत | १. निवेदन पत्र र निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि १<br>२. चल, अचल सम्पति क्षति सम्बन्धी वडा कार्यालयको सर्जमिन मुचुल्का ।<br>३. चल, अचल सम्पतिको क्षति सम्बन्धी स्थानीय प्रहरी कार्यालयको सर्जमिन मुचुल्का ।<br>४. वडा कार्यालयको सिफारिस पत्र<br>४. रोगी भएमा विशेषज चिकित्सकको सिफारिस पत्र ।<br>६. प्रकोप वा विपदमा क्षति भएको विवरण देखिने फोटो । | निशुल्क |
| ५ | जेष्ठ नागरिक परिचय पत्र | १. निवेदन पत्र र नागरिकता प्रमाणपत्रको प्रतिलिपि २. निवेदकको फोटो २ प्रति ३. व्यक्ति स्वयं उपस्थित हुनुपर्ने वा सम्बन्धितकर्मचारीको प्रतिवेदन | निशुल्क |
| ६ | अपाङ्ग परिचय पत्र | १. निवेदन पत्र, जन्मदतो वा नागरिकताको प्रतिलिपि प्रमाणपत्रको<br>२. वडा कार्यालयको सिफारिस पत्र<br>३. अपांगताको वर्ग खुल्ने गरी विशेषज्ञ चिकित्सकको सिफारिस पत्र<br>४. अपांगता देखिने गरिको निवेदकको फोटो<br>५. व्यक्ति स्वयं उपस्थित हुनुपर्ने वा सम्बन्धित प्रतिवेदन । कर्मचारीको | निशुल्क |
| ७ | घर नक्सा पास | १. निवेदकको निवेदन र नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>२. प्राविधिक बाट तयार भएको घरको नक्सा<br>३. जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि, ट्रेस नक्सा र फाईल नक्सा<br>४. वडा कार्यालयको सिफारिस पत्र<br>५. चार किल्लाको प्रतिलिपि प्रमाणित | आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम |

| | | | |
|---|---|---|---|
| | | ६. जग्गाधनीको फोटो २ प्रति<br>७. नापी नक्शाको प्रतिलिपि<br>८. घर नक्सा ईजाजतका लागि राजस्व बुझाएको रसिद<br>९. कार्यालयले तोके बमोजिमका अन्य कागजातहरु । | |
| ८ | निर्माण भएका घरको अभिलेखीकरण | १. निवेदकको निवेदन र नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>२. प्राविधिक बाट तयार भएको घरको नक्सा<br>३. जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि, ट्रेस नक्सा र फाईल नक्सा<br>४. वडा कार्यालयको सिफारिस पत्र<br>५. चार किल्लाको प्रतिलिपि प्रमाणित<br>६. जग्गाधनीको फोटो २ प्रति<br>७. घर नक्सा ईजाजतका लागि राजस्व बुझाएको रसिद<br>८. निर्मित घरको कार्यसम्पन्न प्रतिवेदन तथा फोटो ।<br>९. कार्यालयले तोके बमोजिमका अन्य कागजातहरु । | आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम |
| ९ | संस्था दर्ता | १. निवेदकको निवेदन, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, संस्थाको बिधान वा नियमावली २ प्रति<br>२. संस्था भाडामा बस्ने भए घर बहाल सम्झौता पत्र र बहाल कर तिरेको रसिद<br>३. संस्था आफ्नै घरमा बस्ने भए सोको जग्गाधनी प्रमाण पुर्जा र नक्सा पास प्रमाण पत्रको प्रतिलिपि<br>४. चालु आ.व. सम्मको मालपोत, घर जग्गा कर वा एकिकृत सम्पति कर तिरेको रसिद वा कर निर्धारण स्वीकृत भएको कागजात । | |
| १० | उजुरी दर्ता | १. उजुरीको निर्धारित ढाँचामा निवेदन<br>२. उजुरी संग सम्बन्धित कागजात | निशुल्क |

| | | | |
|---|---|---|---|
| | | ३. उजुरी दिनेको नागरिकता प्रमाण पत्रको प्रतिलिपि | |
| ११ | विद्यालय संचालन स्वीकृती/कक्षा स्तरोन्नति सिफारिस | १. विद्यालय कक्षा स्तरोन्नतिका लागि निवेदन<br>२. विद्यालय दर्ता प्रमाण पत्रको प्रतिलिपि<br>३. चालु आर्थिक बर्षको नवीकरण सहितको व्यवसाय दर्ता प्रमाण पत्र ४. सरकारी बाहेकका विद्यालयका हकमा चालु आ.व. सम्मको मालपोत र घर जग्गा कर वा एकिकृत सम्पति कर बुझाएको रसिद<br>५. बहालमा भए सम्झौता पत्रको प्रतिलिपि र बहाल कर बुझाएको रसिद<br>६. निरीक्षण प्रतिवेदन । | आर्थिक ऐनको व्यवस्था अनुसार |
| १२ | मिलापत्र सम्बन्धि काम | १. मिलापत्र गर्ने दुबै पक्षको संयुक्त निवेदन<br>२. सम्बन्धित व्यक्ति हरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>३. मिलापत्रको विषयसँग सम्बन्धितअन्य कागजातहरु । | निशुल्क |
| १३ | नगरपालिकाबाट हुने सिफारिस र प्रमाणित सम्वन्धि काम | निवेदकको निवेदन र नागरिकताको प्रमाण पत्रको प्रतिलिपि | आर्थिक ऐनको व्यवस्था अनुसार |
| १४ | उपचार सिफारिस | १. नागरिकता प्रमाण पत्र<br>२. उपचाररत रहेको अस्पतालको सिफारिस<br>३. वडा कार्यालयको सिफारिस | निशुल्क |
| १५ | आर्थिक सहायता | १. निवेदन<br>२. वडा कार्यालयको सिफारिस<br>३. निर्णयको प्रति<br>४. सहायता गर्नु परेको कारण र प्रमाण | निशुल्क |

**ग. स्वमुल्याङ्कनका सुचकहरु**

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७ ले व्यवस्था गरे अनुसार सूचकहरु

## अनुसूची २

दफा ३ को उपदफा (२) सँग सम्बन्धित

## स्वमूल्याङ्कनका सूचकहरु

### स्वमूल्याङ्कन विषयक्षेत्र - १: शासकीय प्रबन्ध

#### १.१ समग्र स्थिति

| सूचक क्षेत्र | अवस्था -१ | अवस्था -२ | अवस्था -३ | अवस्था -४ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|
| १.१.१ सभाको सञ्चालन प्रक्रिया (स्थानीय सरकार सञ्चालन ऐनको दफा १९) | सभाको बैठक अगावै सदस्यहरूलाई छलफल र निर्णयका विषयहरूको जानकारी गराउने नगरिएको। *(आधार नचाहिने)* | सभाको बैठक भन्दा अगावै सदस्यहरूलाई छलफल र निर्णय गर्नुपर्ने विषयहरूको स्पष्ट रूपमा लिखित पत्र मार्फत जानकारी गराउने गरिएको। *(आधार १)* | सभाको बैठक हुने मितिको ७ दिन भन्दा कम अवधिमा सदस्यहरूलाई छलफल र निर्णय गर्नुपर्ने विषयहरू स्पष्ट रूपमा जानकारी गराउने गरिएको । *(आधार १,२)* | सभाको बैठक भन्दा ७ दिन अगावै सदस्यहरूलाई छलफल र निर्णय गर्नुपर्ने विषयहरू स्पष्ट रूपमा लिखित जानकारी गराउने गरिएको । *(आधार १,२,३,४)* | १. सभाका सदस्यहरुलाई दिएको पत्रको कार्यालय प्रति<br>२. विद्युतीय माध्यम प्रयोग गरिएको प्रमाण<br>३. [3]*अवस्था ३ र ४ सम्बन्धित प्रदेश कानूनले तोकेको प्रकृया पूरा गरेको अवस्थामा अङ्क दिने।<br>४. *[4]अवस्था ४मा विद्युतीय माध्यमबाट जानकारी दिएको भए पनि अङ्क प्रदान गर्ने। |
| १.१.२ कार्यपालिकाको निर्णय प्रक्रिया (स्थाससंऐ दफा १७) | छलफलका विषय र सो को निर्णय प्रमुखले भने अनुसारमात्र हुने गरेको । *(आधार नचाहिने)* | छलफलका विषय र सोको निर्णय कार्यपालिकामा पेश भएको कार्यसूची बमोजिम हुने गरेको । *(आधार १,२)* | निर्णय गर्नु पर्ने विषयमा खुला रूपमा छलफल भई बहुमतको आधारमा निर्णय हुने गरेको । *(आधार १, २)* | खुल्ला रूपमा छलफल भई सर्वसम्मत रूपमा निर्णय हुने गरेको। *(आधार १, २, ३,४)* | १. कार्यसूची /छलफलको विषय<br>२. उपस्थिति र निर्णय पुस्तिका<br>३. सदस्यहरुले आफ्नो भिन्न मत उल्लेख गरेको भए, सोको अभिलेख<br>४. *[5]कार्यपालिकाको सबै बैठकको निर्णयमा फरक मत उल्लेख नभएकोमा अवस्था ४ को अङ्क दिने। |

[3] पहिलो सम्शोधन २०७८|०९|१८ बाट थप भएको।

[4] पहिलो सम्शोधन २०७८|०९|१८ बाट थप भएको।

[5] पहिलो सम्शोधन २०७८|०९|१८ बाट थप भएको।

| सूचक क्षेत्र | अवस्था -१ | अवस्था -२ | अवस्था -३ | अवस्था -४ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|
| १.१.३ सभा / कार्यपालिकाले बनाएका स्थानीय कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड) तथा निर्णयहरुको सार्वजनिकीकरण (स्थाससंऐ दफा १०२ को ३, नेपालको संविधानको धारा २७, सूचनाको हक) | सभा / कार्यपालिकाले बनाएका स्थानीय कानुन तथा निर्णयहरुको सार्वजनिकीकरण गर्ने नगरेको।<br>*(आधार नचाहिने)* | सभा /कार्यपालिकाले बनाएका स्थानीय कानुन तथा निर्णयहरुको सार्वजनिकीकरण गर्दा कानुनहरु स्थानीय राजपत्रमा प्रकाशित गरेको तर निर्णय सार्वजनिक गर्ने नगरेको।<br>*(आधार १)* | सभा /कार्यपालिकाले बनाएका स्थानीय कानुन तथा निर्णयहरुको सार्वजनिकीकरण गर्दा कानुनहरु स्थानीय राजपत्रमा प्रकाशित गरेको र निर्णयहरु सूचना पाटी मार्फत मात्र सार्वजनिक गर्ने गरेको।<br>*(आधार १, २)* | सभा/कार्यपालिकाले बनाएका स्थानीय तथा निर्णयहरुको सार्वजनिकीकरण गर्दा कानुनहरु स्थानीय राजपत्रमा प्रकाशित गरी निर्णयहरु वेबसाईट, सूचना पाटी र अन्य सञ्चार माध्यम मार्फत सार्वजनिक गर्ने गरेको।<br>*(आधार १, २, ३)* | १. निर्णयहरु उल्लेख भएको स्थानीय राजपत्रको प्रति<br>२. कार्यालयको सूचनापाटी मार्फत सार्वजनिकिकरण गरेको प्रमाण,<br>३. वेवसाइट वा पत्रपत्रिकाको वा रेडियो वा टेलिभिजन भए सोको प्रमाण।<br>४. *[6]सबै कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नगरेको अवस्थामा अवस्था १ बमोजिमको अङ्क प्रदान गर्ने। |

**स्वमूल्याङ्कन विषयक्षेत्र - १: शासकीय प्रबन्ध**

**१.२ प्रक्रियागत स्थिति**

| विषय सम्बन्धी सूचक | कमजोर | सामान्य | उत्तम | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| १.२.१ सभा र कार्यपालिकाका समिति/उप-समिति सञ्चालन सम्बन्धी कार्यविधि (स्थाससंऐ दफा १४, ४६, ६५, ६६,६७) | स्थाससंऐनमा व्यवस्था भएका कार्यपालिकाका समिति/उप-समितिहरुको बैठक र सभा सञ्चालन सम्बन्धी कुनै कार्यविधि निर्माण नगरिएको ।<br>*(आधार नचाहिने)* | स्थाससंऐनमा व्यवस्था भएका कार्यपालिकाका केही समिति/उप-समितिहरुको बैठक र सभा सञ्चालन सम्बन्धी कार्यविधि निर्माण भएको तर कार्यान्वयन नभएको।<br>*(आधार १,४)* | स्थाससंऐनमा व्यवस्था भएका कार्यपालिकाका सबै समिति/उप-समितिहरुको बैठक र सभा सञ्चालन सम्बन्धी कार्यविधि निर्माण भई कार्यान्वयन भएको।<br>*(आधार १, २,)* | १. कार्यविधिको प्रति,<br>२. समिति/उप-समितिको निर्णय पुस्तिका ।<br>३. (वेवसाईटमा उपलब्ध भए सोको लिङ्क राख्ने)<br>४. *[7]कुनै एउटा समिति गठनको कार्यविधि तयार भएको भए सामान्य अवस्थाको अङ्क प्रदान गर्ने। |

[6] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

[7] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

| विषय सम्बन्धी सूचक | कमजोर | सामान्य | उत्तम | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| १.२.२ कार्यपालिकाको बैठक सञ्चालन (बैठक बोलाउने, मिति स्थान तोक्ने, कार्यसूची उपलब्ध गराउने, गणपूरक संख्या, निर्णय पुस्तिकामा हस्ताक्षर, निर्णयमा असहमति आदि) (स्थाससंऐ दफा १७) | कार्यपालिकाको बैठक सञ्चालनको विधि निर्धारण नभएको।<br>*(आधार नचाहिने)* | कार्यपालिकाको बैठक निर्धारित विधि अनुरूप आंशिक रूपमा पालना भएको।<br>*(आधार १,२,३,४)* | कार्यपालिकाको बैठक निर्धारित विधि अनुरूप सञ्चालन हुने गरेको।<br>*(आधार १,२,३)* | १. बैठक सञ्चालन विधिको प्रति<br>२. कार्यसूची/ छलफलको विषय सहितको बैठक बारे जानकारी गराएको प्रमाण (पत्र, इमेल, SMS आदि)<br>३. उपस्थिति र निर्णय (असहमतिका बुँदा सहित)<br>४. *[8]कार्यपालिका बैठक सञ्चालन कार्यविधि स्वीकृत भएको अवस्थामा सामान्य अवस्थाको अङ्क दिने। |
| १.२.३ आन्तरिक नियन्त्रण प्रणाली (स्थाससंऐ दफा ७८) | गाउँ/नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तयार नभएको।<br>*(आधार नचाहिने)* | गाउँ/नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तयार भएको तर कार्यान्वयन नभएको।<br>*(आधार १)* | गाउँ/नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणालीका तयार गरी पूर्ण रूपमा कार्यान्वयन गरी नियमित अनुगमन र पृष्ठपोषण भएको ।<br>*(आधार १,२,३,४)* | १. स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणाली सञ्चालनको लागि कार्यविधिको तयार भएको।<br>२. अनुगमन प्रतिवेदन<br>३. सुझाव कार्यान्वयनको निर्णय र कार्यान्वयन प्रतिवेदन<br>४. *[9]आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन प्रतिवेदन तयार भएको अवस्थामा मात्र उत्तम अवस्थाको अङ्क प्रदान गर्ने। |
| १.२.४ स्थानीय तहका पदाधिकारी हरुको सम्पत्ती विवरण (स्थाससंऐ दफा ११०) | स्थानीय तहका पदाधिकारीले कानुन बमोजिम पेश गर्नुपर्ने सम्पत्ती विवरण पेश नगरेको ।<br>*(आधार नचाहिने)* | स्थानीय तहका पदाधिकारी हरु मध्ये केहीले कानुन बमोजिम पेश गर्नुपर्ने सम्पत्ती विवरण पेश गरेको ।<br>*(आधार १)* | स्थानीय तहका पदाधिकारी हरु सबैले कानुन बमोजिम पेश गर्नुपर्ने सम्पत्ती विवरण पेश गरेको ।<br>*(आधार १,२,३)* | १. स्थानीय तहमा सम्पत्ति विवरण पेश गरेको दर्ता पुस्तिका,<br>२. प्रदेश सरकारमा सम्पत्ति विवरण पठाएको पत्रको प्रति।<br>३. *[10]प्रदेश सरकारले तोकेको प्रकृयाबाट सबै पदाधिकारीको सम्पत्ति विवरण पेश गरेको अवस्थामा उत्तम अवस्थाको अङ्क दिने। |

[8] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।
[9] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।
[10] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

| स्वमूल्याङ्कन विषयक्षेत्र - १: शासकीय प्रबन्ध |
|---|
| १.३ परिमाणात्मक स्थिति |

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर | सामान्य | उत्तम | प्रमाणीकरणको आधार |
| १.३.१ मूल्याङ्कन अवधिमा बसेको कार्यपालिकाको बैठक संख्या (स्थाससंऐ दफा १७, बैठककार्य सञ्चालन नियमावली) | मासिक रूपमा नियमित बैठक नबसेको। *(आधार १)* | महिनामा १ पटक बैठक बसेको। *(आधार १)* | महिनामा कम्तीमा १ पटक बैठक बसी पूर्व निर्णयहरूको कार्यान्वयन अवस्था बारेमा समीक्षा गर्ने गरेको। *(आधार १,२,३)* | १.स्थानीय तहमा सम्पत्ति विवरण पेश गरेको दर्ता पुस्तिका, २.प्रदेश सरकारमा सम्पत्ति विवरण पठाएको पत्रको प्रति। ३.प्रत्येक महिनामा कम्तीमा एउटा बैठक नबसेको अवस्थामा कमजोर अवस्थाको अङ्क दिने। |
| १.३.२ लेखा प्रणालीमा SUTRA को प्रयोग (स्थाससंऐ दफा ७२) | SUTRA प्रयोग नभएको *(आधार नचाहिने)* | योजना र बजेटमा मात्र SUTRA प्रयोग भएको *(आधार १)* | योजना, बजेट र खर्चमा SUTRA प्रयोग भएको *(आधार १,२,३)* | १. योजना तथा बजेटको अभिलेख २. खर्चको प्रतिवेदन ३. *[11]वार्षिक बजेटको तयारी सूत्रबाट गरेको अवस्थामा मात्र उत्तम अवस्थाको अङ्क प्रदान गर्ने। |

| स्वमूल्याङ्कन विषयक्षेत्र - २: संगठन तथा प्रशासन |
|---|
| २.१ समग्र स्थिति |

| सूचक क्षेत्र | अवस्था -१ | अवस्था- २ | अवस्था- ३ | अवस्था- ४ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|
| २.१.१ गाउँ/नगरपालिकाको क्षमता विकास । (स्थाससंऐ को दफा १०२.२) | कर्मचारी तथा पदाधिकारीको क्षमता विकास योजना तयार नभएको र क्षमता विकास कार्यक्रमका लागि बजेट विनियोजन नभएको। | क्षमता विकास योजना तयार भएको तर बजेट विनियोजन नभएको । *(आधार १)* | क्षमता विकास योजना तयार भई वार्षिक लक्ष्यको ६० प्रतिशत भन्दा बढी कार्यान्वयन भएको। *(आधार १,२,३)* | क्षमता विकास योजना तयार भई वार्षिक लक्ष्यको ८० प्रतिशत भन्दा बढी कार्यान्वयन भएको। | १. क्षमता विकास योजनाको प्रति। २. क्षमता विकास योजना बमोजिक कार्यक्रमको लागि विनियोजन भएको वार्षिक योजना किताव।प्रति ३. *[12]क्षमता विकास योजनाले वार्षिक रुपमा अनुमान गरेको बजेटको ६० प्रतिशतदेखि ८० प्रतिशत सम्मको बजेट खर्च गरेकोमा अवस्था |

[11] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

[12] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

| सूचक क्षेत्र | अवस्था -१ | अवस्था- २ | अवस्था- ३ | अवस्था- ४ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|
| | *(आधार नचाहिने)* | | | *(आधार १,२,३)* | ३ को र ८० प्रतिशतभन्दा बढी बजेट खर्च भएकोमा अवस्था ४ को अङ्क दिने। |
| २.१.२ प्रतिवेदन तथा विवरण प्रेषण। (स्थाससंऐ दफा ७६ (५) र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, दफा ३२ (३)) | सङ्घ र प्रदेशलाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु नपठाईएको। *(आधार नचाहिने)* | सङ्घ र प्रदेशलाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु तोकिएको समय भन्दा ढिलो गरी पठाईएको । *(आधार १,२,४)* | सङ्घ र प्रदेश लाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु नियमित रूपमा तोकिएको समयमा पठाइएको । *(आधार १,२)* | सङ्घ र प्रदेशलाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु नियमित रूपमा तोकिएको समयमा पठाई विवरणहरु कार्यालयको वेबसाइटमा राखिएको। *(आधार १,२,३)* | १. आम्दानी, खर्च तथा प्रगति प्रतिवेदन त्रैमासिक /चौमासिक पठाएको कार्यालय प्रति<br>२. चलानी रजिष्ट्रर वा इमेलको प्रति<br>३. Website को लिङ्क<br>४. *[13]आम्दानी तथा खर्च र प्रगति प्रतिवेदन त्रैमासिक।चौमासिक तथा वार्षिक आंशिक रुपमा पठाएको अवस्थामा अवस्था २ को अङ्क दिने। |

## स्वमूल्याङ्कन विषयक्षेत्र - २ः संगठन तथा प्रशासन

### २.२ प्रक्रियागत स्थिति

| विषय सम्बन्धी सूचक | कमजोर | सामान्य | उत्तम | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| २.२.१ विषयगत विभाग /महाशाखा शाखा/ उपशाखा/एकाइहरु एवं जनशक्तिको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवरण । (स्थाससंऐ दफा ८३ अनुसार) | कुनै पनि संरचनाको कार्यविवरण नै तयार नभएको। *(आधार नचाहिने)* | केही मात्र संरचनाको कार्यविवरण तयार भएको तर कार्यान्वयन नभएको। *(आधार १,४)* | सबै संरचना तथा कार्यरत जनशक्तिको कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याइएको तथा विवरणहरूलाई वेबसाइटमा राखिएको । *(आधार १,२,३)* | १. संरचनागत कार्य विवरणको प्रति<br>२. संरचना तथा जनशक्तिको कार्य विवरणको प्रति<br>३. वेबसाइटमा कार्य विवरण राखिएको लिङ्क ।<br>४. *[14]कार्यविवरण स्वीकृत गरेको तर कर्मचारीले नियमित कार्यविवरण प्राप्त नगरेको अवस्थामा सामान्य अवस्थाको अङ्क दिने। |

[13] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

[14] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

| विषय सम्बन्धी सूचक | कमजोर | सामान्य | उत्तम | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| २.२.२ स्थायी पदपूर्ति नगर्ने भनिएका पदहरुमा करारबाट मात्र पदपूर्ति। (ऐनको दफा ८३ को उपदफा ८,९) | ऐन लागु भैसकेपछि पनि स्थायी पदपूर्ति नगर्ने भनिएका पदहरुमा पनि स्थायी पदपूर्ति गरिएको। *(आधार नचाहिने)* | ऐन लागु भैसकेपछि स्थायी पदपूर्ति नगर्ने भनिएका पदहरुमा करारबाट सेवा लिईएको तर अवधि, पारिश्रमिक र अन्य सुविधा करार सम्झौतामा स्पष्ट नभएको। *(आधार १,२)* | ऐन लागु भैसकेपछि स्थायी पदपूर्ति नगर्ने भनिएका पदहरुमा करारबाट मात्र सेवा लिईएको र करार सेवाको अवधि पारिश्रमिक र अन्य सुविधा करार सम्झौतामा उल्लेख गरिएको। *(आधार १,२, ३)* | १. कर्मचारीहरुको दरबन्दी विवरण वा स्वीकृत O&M प्रतिवेदन।<br>२. कार्यरत कर्मचारी (स्थायी, अस्थायी, करार) को विवरण<br>३. करारमा कार्यरत कर्मचारीहरुको करार सम्झौता (एकै प्रकृतिका विषयका लागि, एक नमुना TOR) |
| २.२.३ कर्मचारीहरुको कार्य सम्पादन सम्झौता । (स्थाससंऐ दफा १०२ को २ अनुसार) | कार्य सम्पादन सम्झौता प्रयोगमा नआएको । *(आधार नचाहिने)* | प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीच मात्र कार्य सम्पादन सम्झौता भएको । *(आधार १,२ )* | प्रमुख/ अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीच र प्र.प्र.अ र विभाग / महाशाखा/शाखा प्रमुखबीच कार्य सम्पादन सम्झौता भएको । *(आधार १,२,३)* | १. कार्य सम्पादन गर्ने भन्ने निर्णय उल्लेखित पुस्तिका।<br>२. प्रशासकीय अधिकृत र प्रमुख/अध्यक्ष बीचको कार्य सम्पादन सम्झौताको प्रति<br>३. *[15]सबै विभाग /महाशाखा / शाखा /इकाइ प्रमुख र प्रशासकीय अधिकृत विचको कार्य सम्पादन सम्झौताको प्रति |

| स्वमूल्याङ्कन विषयक्षेत्र - २: सङ्गठन र प्रशासन |
|---|
| २.३ परिमाणात्मक स्थिति |

| सूचक | नतिजा | | | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| | कमजोर | सामान्य | उत्तम | |
| २.३.१ जनशक्ति क्षमता विकासमा लगानी (स्थाससंऐ दफा १०२ को २ अनुसार बनेको कार्यविधि) | कूल चालु खर्चको ०.५% भन्दा कम। *(आधार १)* | कूल चालु खर्चको ०.५% -१.५ % सम्म। | कूल चालु खर्चको १.५ % भन्दा बढी। *(आधार १)* | १. वार्षिक बजेट तथा खर्चको प्रतिवेदन |

[15] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

| सूचक | नतिजा | | | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| | कमजोर | सामान्य | उत्तम | |
| | | *(आधार १)* | | |
| २.३.२ प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति दिन (आफ्नो क्षेत्रभित्र काजमा रहेको अवधी समेत) (स्थाससंऐ दफा ८४ अनुसार को कार्य सम्पादन प्रभावकारिता) | मन्त्रालयले तोकेको प्र.प्र.अ. कूल कार्य दिनको ५०% भन्दा कम उपस्थिति भएको।<br>*(आधार १)* | मन्त्रालयले तोकेको प्र.प्र.अ. कूल कार्य दिनको ५०% देखि ७५% सम्म उपस्थिति भएको<br>*(आधार १)* | मन्त्रालयले तोकेको प्र.प्र.अ. कूल कार्य दिनको ७५% भन्दा बढी उपस्थिति भएको।<br>*(आधार १,२,३)* | १. हाजिर रजिष्ट्र वा ई-हाजिरीको विश्लेशणात्मक विवरण<br>२. *[१६]मन्त्रालयबाट स्थानीय सेवाको कर्मचारी पुरै अवधि प्रमुख प्रशासकीय अधिकृत रहने गरी तोकेको अवस्थामा उत्तम अवस्थाको अङ्क दिने।<br>३. *[१७]स्थानीय तहको भौगोलिक सीमा बाहिर काजमा गएको अवधिलाई उपस्थिति नमान्ने। तर सरकारी कामकाजको लागि खटिएको अवस्थामा कामकाजको अवधि मान्ने। |
| २.३.३ क्षमता विकास कार्यक्रममा पदाधिकारी र कर्मचारीहरुको सहभागिता। (स्थाससंऐ को दफा १०२ को २ अनुसार वनेको कार्यविधि) (यस दफामा पदाधिकारी भन्नाले गाउँ /नगर सभाका सदस्यहरूलाई बुझाउनेछ । गणना गर्दा पदाधिकारी र कर्मचारीहरूको छुट्टाछुट्टै गणना गर्नुपर्नेछ।) | कूल पदाधिकारी र कर्मचारीको ४० प्रतिशत भन्दा कम<br>*(आधार १,२,३)* | कूल पदाधिकारी र कर्मचारीको ४० प्रतिशत देखि ६० प्रतिशत सम्म<br>*(आधार १,२,३,४)* | कूल पदाधिकारी र कर्मचारीको ६० प्रतिशत भन्दा बढी<br>*(आधार १,२,३,४)* | १. कर्मचारीहरुको दरबन्दी विवरण वा स्वीकृत O&M र पदाधिकारीहरूको विवरण<br>२. कार्यरत कर्मचारी (स्थायी, अस्थायी, करार सहित) को विवरण ।<br>३. *[१८]नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट पदाधिकारी र कर्मचारीको क्षमता विकास कार्यक्रमको प्रतिवेदन (तालिम योजना, हाजिर लगायतका विवरण सहित)।<br>४. *[१९]प्रतिशत गणना गर्दा जनप्रतिनिधि र कर्मचारीको कूल सङ्ख्याको आधारमा गर्ने। |

[16] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

[17] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

[18] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

[19] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

## स्वमूल्याङ्कन विषयक्षेत्र - ३: वार्षिक बजेट तथा योजना व्यवस्थापन

### ३.१ समग्र स्थिति

| सूचक क्षेत्र | अवस्था -१ | अवस्था- २ | अवस्था- ३ | अवस्था- ४ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|
| ३.१.१ वार्षिक बजेट तथा कार्यक्रम र आवधिक योजना तर्जुमा। (स्थाससंऐ को दफा २४ अनुसार) | Spatial Based आवधिक विकास योजना, मध्यकालीन खर्च संरचना तयार नभएको। (आधार नचाहिने) | Spatial Based आवधिक योजना तयार भएको तर मध्यकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम आवधिक योजनामा आधारित नभएको *(आधार १,२)* | एकीकृत भूउपयोग योजना, यातायात गुरू योजना, वातावरण व्यवस्थापन योजना समेत समावेश भएको GIS Based Spatial Plan मा आधारित आवधिक विकास योजना अनुसार मध्यकालीन खर्च संरचना तथा वार्षिक कार्यक्रम तथा बजेट तयार भएको। *(आधार १,२,३)* | एकीकृत भूउपयोग योजना, यातायात गुरू योजना, वातावरण व्यवस्थापन योजना समेत समावेश भएको GIS Based Spatial Plan मा आधारित आवधिक विकास योजना अनुसार मध्यकालीन खर्च संरचना सहितको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा भई कार्यान्वियनमा आएको । *(आधार १,२,३,४)* | १. वार्षिक बजेट तथा कार्यक्रमको प्रति।<br>२. Spatial Based आवधिक योजना दस्तावेज।<br>३. मध्यकालीन खर्च संरचना दस्तावेज<br>४. *[२०]आवधिक योजना तयार भएको अवस्थामा अवस्था २ को र Spatial based योजना तथा मध्यमकालीन खर्च संरचना सहित वार्षिक बजेट तर्जुमा भएको अवस्थामा मात्र अवस्था ४को अङ्क दिने। |
| ३.१.२ बजेट तथा कार्यक्रम तर्जुमा र पारित गर्ने कार्यमा सम्बद्ध समिति र समन्वय (स्थाससंऐ को दफा ६५, ६६ र ६७) | स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन नभएको *(आधार नचाहिने)* | स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन भई यसको बैठकहरू बसेको *(आधार १,२)* | वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समिति, स्थानीय राजस्व परामर्श समिति र स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आफ्नो कार्यजिम्मेवारी अनुसार सबै कार्य सम्पादन गर्ने गरेको । *(आधार १,२)* | वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिस बमोजिम तर्जुमा भएको। *(आधार १,२,३,४)* | १. समितिहरु गठन गर्ने निर्णय भएको निर्णय पुस्तिका।<br>२. समितिहरुको वैठकको निर्णय पुस्तिका<br>३. वार्षिक बजेट तथा कार्यक्रमको प्रति<br>४. *[२१]स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान समिति र बजेट कार्यक्रम तर्जुमा समिति गरी तीन वटै समिति गठन भएको अवस्थामा मात्र अवस्था २ को अङ्क दिने। |

[20] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

[21] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

| स्वमूल्याङ्कन विषयक्षेत्र - ३: वार्षिक बजेट तथा योजना व्यवस्थापन | | | | |
|---|---|---|---|---|
| ३.२ प्रक्रियागत स्थिति | | | | |
| विषय सम्बन्धी सूचक | कमजोर | सामान्य | उत्तम | प्रमाणीकरणको आधार |
| ३.२.१ दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण (स्थाससंऐ को दफा २४ अनुसार ) | दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि नीति तथा कार्ययोजना तयार नभएको।<br>*(आधार नचाहिने)* | दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि नीति तथा कार्ययोजना तयार भई आवधिक र वार्षिक योजनामा समावेश भएको ।<br>*(आधार १,२)* | दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि स्पष्ट नीति तथा कार्ययोजना तर्जुमा भई वार्षिक योजनामा समावेश गरी कार्यान्वयन भएको ।<br>*(आधार १,२,३,४)* | १. दिगो विकासका लक्ष्यहरु स्थानीयकरण सम्बन्धी आधारमा रही स्थानीय नीति तथा कार्ययोजना<br>२. SDG Linkage सहितको आवधिक र वार्षिक बजेट तथा कार्यक्रम दस्तावेज,<br>३. वार्षिक तथा आवधिक योजनाको समीक्षा प्रतिवेदन।<br>४. *[२२]वार्षिक बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको कोडिङ् भएको अवस्थामा मात्र उत्तम अवस्थाको अङ्क दिने। |
| ३.२.२ विषयक्षेत्रगत रूपमा बजेट सिलिङ्ग निर्धारण (स्थाससंऐ को दफा ६६ को ३ अनुसार) | विषयक्षेत्रगत रूपमा बजेट सिलिङ्ग निर्धारण नगरिएको।<br>*(आधार नचाहिने)* | प्राथमिकता क्षेत्र निर्धारण गरी विषयक्षेत्रगत रूपमा बजेट सिलिङ्ग निर्धारण गरिएको ।<br>*(आधार १,२,४)* | प्राथमिकता क्षेत्र निर्धारण गरी विषयक्षेत्रगत रूपमा बजेट सिलिङ्ग निर्धारण गरी कार्यक्रम तर्जुमा गरिएको।<br>*(आधार १,२,३)* | १. बजेट सिलिङ निर्धारण गरेको निर्णय पुस्तिका<br>२. योजनाको प्राथमिकता निर्धारणको निर्णय<br>३. वार्षिक बजेट तथा कार्यक्रम<br>४. *[२३]विषयक्षेत्रगत रुपमा बजेट सिलिङ्ग तयार भएको अवस्थामा सामान्य अवस्थाको अङ्क दिने। |
| ३.२.३ बजेट प्रस्तुति तथा स्वीकृति (स्थाससंऐ को दफा ७१ अनुसार) | असार १० गतेभित्रमा आगामी आ.व.को आय व्यय अनुमान सहित बजेट तथा कार्यक्रम सभामा पेश नभएको र असार मसान्तमा स्वीकृत नभएको।<br>*(आधार नचाहिने)* | असार १० गते पश्चात बजेट पेश भए पनि असार मसान्तभित्र स्वीकृत भएको।<br>*(आधार १,२)* | असार १० गतेभित्र बजेट प्रस्तुति भई पर्याप्त छलफल भई असार मसान्तभित्र स्वीकृत भएको ।<br>*(आधार १,२)* | १. सभामा बजेट पेश गरेको अभिलेख,<br>२. सभाको बैठक, उपस्थिति र निर्णय पुस्तिका ।<br>३. *[२४]असार १० गतेभित्र सभामा पेश भई असार मसान्तभित्र स्वीकृत नभएको अवस्थामा कमजोर अवस्थाको अङ्क दिने। |

[22] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

[23] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

[24] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

| विषय सम्बन्धी सूचक | कमजोर | सामान्य | उत्तम | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| ३.२.४ गैरसरकारी सङ्घ संस्थाहरुले गाउँ/नगर सभाबाट पारित गरी योजना कार्यान्वयन (स्थाससंऐ दफा २५) | गै.स.स.को कार्यक्रमहरू वार्षिक योजनामा समावेश नभएको। *(आधार नचाहिने)* | गै.स.स.को कार्यक्रमहरू वार्षिक योजनामा समावेश भएको। *(आधार १,२)* | सबै गै.स.सका कार्यक्रमहरु स्थानीय तहको वार्षिक योजना कार्यक्रममा समावेश भई कार्यान्वयन समेत भएको *(आधार १,२,३,४)* | १. वार्षिक बजेट तथा कार्यक्रमको प्रति।<br>२. गैससहरुसँग समन्वय बैठक र निर्णयको माइन्युट ।<br>३. प्रगति प्रतिवेदन ।<br>४. *[२५]वार्षिक बजेटमा कार्यक्रम समावेश भएका सबै गैससहरुले कार्यक्रम कार्यान्वयनको चौमासिक प्रतिवेदन पेश गरेको अवस्थामा मात्र उत्तम अवस्थाको अङ्क दिने।<br>५. *[२६]कुनै स्थानीय तहमा गैर सरकारी संस्थाको उपस्थिति नभएमा उत्तम अंक दिने। |

## स्वमूल्याङ्कन विषयक्षेत्र - ३: वार्षिक बजेट तथा योजना व्यवस्थापन

### ३.३ परिमाणात्मक स्थिति

| सूचक | नतिजा | | | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| | कमजोर | सामान्य | उत्तम | |
| ३.३.१ कूल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा।<br>(असविव्यऐ दफा ८ अनुसार राजस्वको क्षमता) | १०% सम्म | १०-२०% सम्म | २०% भन्दा बढी | वार्षिक बजेट तथा कार्यक्रमको प्रति। |
| ३.३.२ पाँच लाख भन्दा कम लागतका योजनाले कूल पूँजीगत बजेटको ओगटेको हिस्सा (बजेट तथा कार्यक्रम तर्जुमाको मार्गदर्शन) | ५०% भन्दा माथि | (५० देखि ३०) % सम्म | ३०% भन्दा कम | १. वार्षिक बजेट तथा कार्यक्रमको प्रति।<br>२. *[२७]पूर्वाधार विकास तर्फका आयोजना मात्र हेर्ने। |
| ३.३.३ वार्षिक आन्तरिक आय बृद्धि गत वर्षको तुलनामा<br>(असविव्यऐ दफा ८ अनुसार राजस्वको क्षमता) | यथावत वा कम | ५ प्रतिशत देखि १० % सम्म | १० % भन्दा बढी | १. आन्तरिक आयको अभिलेख।<br>२. *[२८]वृद्धिदर हेर्दा गत आर्थिक वर्षको यथार्थ आयसँग तुलना गर्ने। |

[25] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

[26] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

[27] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

[28] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ३.३.४ गैसस मार्फत योजना कार्यान्वयन गरेको अवस्थामा गै.स.स.को नगद लागत साझेदारी। (स्थाससंऐ दफा २५) | २०% भन्दा कम लागत साझेदारी भएको। | २०% देखि ३०% सम्म लागत साझेदारी भएको। | ३०% भन्दा बढी लागत साझेदारी भएको। | १. वार्षिक वजेट तथा कार्यक्रमको प्रति।<br>२. साझेदारी सम्बन्धी निर्णय पुस्तिका।<br>३. *[29]गैसस मार्फत कुनै आयोजना कार्यान्वयन नगरेको अवस्थामा उत्तम अवस्थाको अङ्क दिने। |
| ३.३.५ समपुरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुमा लागत साझेदारीका लागि बिनियोजित बजेट (असविव्यऐ दफा १०) | विनियोजन नभएको | कार्यविधिले तोके बमेजिम लागत साझेदारी गर्ने। | कार्यविधिले तोकेभन्दा बढी लागत साझेदारी गर्ने। | १. वार्षिक वजेट तथा कार्यक्रमको प्रति।<br>२. *[30]वार्षिक बजेट तथा कार्यक्रममा नै आयोजनागत रुपमा साझेदारीको लागि आवश्यक बजेट विनियोजन भएको अवस्थामा मात्र उत्तम अवस्थाको अङ्क दिने। |

| स्वमूल्याङ्कन विषयक्षेत्र - ४: वित्तीय एवम् आर्थिक व्यवस्थापन | | | | | |
|---|---|---|---|---|---|
| ४.१ समग्र स्थिति | | | | | |
| सूचक क्षेत्र | अवस्था -१ | अवस्था- २ | अवस्था- ३ | अवस्था- ४ | प्रमाणीकरणको आधार |
| ४.१.१ आन्तरिक स्रोत (स्थाससंऐ दफा ६५) | हाल सम्म आफ्नो अधिकार क्षेत्रभित्र रहेका आन्तरिक स्रोतका दर र दायरा सम्बन्धमा कुनै अध्ययन नभएको ।<br>*(आधार नचाहिने)* | आन्तरिक स्रोतका दर र दायरा सम्बन्धमा अध्ययन भई प्राप्त सुझाव आंशिक रूपमा कार्यान्वन भएको।<br>*(आधार १,२,४)* | आन्तरिक स्रोतका दर र दायरा सम्बन्धमा अध्ययन भई प्राप्त सुझाव पूर्ण रूपमा कार्यान्वन भएको।<br>*(आधार १,२)* | आन्तरिक स्रोतका दर र दायरा सम्बन्धमा अध्ययन भई प्राप्त सुझाव पूर्ण रूपमा कार्यान्वन भइ आन्तरीक आय बृद्धि भएको।<br>*(आधार १,२,३,५)* | १. राजस्व परामर्श समितिको अध्ययन प्रतिवेदन ।<br>२. राजस्वका दरहरुको सुची<br>३. आन्तरिक आयको तुलनात्मक अभिलेख<br>४. *[31]अध्ययन प्रतिवेदन प्राप्त भएको अवस्थामा अवस्था २ को अङ्क दिने।<br>५. *[32]अध्ययन प्रतिवेदनको आधारमा करको दर र दायरा तोकी गत वर्षको यथार्थ आय भन्दा वृद्धि भएको अवस्थामा मात्र उत्तम |

[29] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

[30] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

[31] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

[32] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अवस्थाको अङ्क दिने। |
| ४.१.२ वित्तिय अनुशासन (असविव्यऐ परिच्छेद ८, दफा २५ देखि ३२) | गत आर्थिक वर्षको अन्तिम लेखा परीक्षण भई कूल खर्चको ५% भन्दा वढी बेरुजू औंल्याईएको। | गत आर्थिक वर्षको अन्तिम लेखा परीक्षण भई अन्तिम लेखा परीक्षणले कूल खर्चको (३-५)% बेरुजू औंल्याएको। | गत आर्थिक वर्षको अन्तिम लेखा परीक्षण भई अन्तिम लेखा परीक्षणले कूल खर्चको (१-३)% बेरुजू औंल्याएको। | अन्तिम लेखा परीक्षणले कूल खर्चको १% भन्दा कम बेरुजू औंल्याएको। | १. लेखा परीक्षण प्रतिवेदन। |

## स्वमूल्याङ्कन विषयक्षेत्र - ४: वित्तीय एवम् आर्थिक व्यवस्थापन

### ४.२ प्रक्रियागत स्थिति

| विषय सम्बन्धी सूचक | कमजोर | सामान्य | उत्तम | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| ४.२.१ आय व्ययको वर्गीकरण तथा लेखाङ्कनका लागि नेपाल सरकारद्वारा निर्धारित पद्धति र ढाँचाको प्रयोग (असविव्यऐ दफा ३२) | प्रयोग नगरिएको । *(आधार नचाहिने)* | आंशिक प्रयोग गरिएको *(आधार १,२)* | पूर्ण रूपमा प्रयोग गरिएको *(आधार १,२,३)* | १.निर्धारित पद्धति र ढाँचा अनुसार आयको विवरण<br>२.निर्धारित पद्धति र ढाँचा अनुसार व्ययको विवरण<br>३.*[33]वार्षिक योजना तथा बजेट तर्जुमा, खर्चको भुक्तानी र प्रतिवेदनको लागि SuTRA प्रयोग गरिएको अवस्थामा मात्र उत्तम अवस्थाको अङ्क दिने। |
| ४.२.२ आय र व्ययको विवरण सार्वजनिकीकरण (असविव्यऐ दफा ३०) | आय-व्ययको विवरण सार्वजनिकीकरण गर्ने नगरिएको *(आधार नचाहिने)* | आय-व्ययको विवरण सार्वजनिक गरिएको तर तोकिएको समय भित्र नगरिएको। *(आधार १,२)* | आय-व्ययको विवरण तोकिएको समयभित्र वेबसाइट मार्फतसमेत सार्वजनिक गरिएको। *(आधार १,२,३)* | १.आय-व्ययको आवधिक विवरण<br>२.आयव्ययको विवरण सार्वजनिक गरिएको प्रमाण<br>३.समयभित्र वेबसाइट मार्फत सार्वजनिक गरेको अभिलेख । |

[33] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

| | | | | |
|---|---|---|---|---|
| ४.२.३ प्रचलित कानुन अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयारी र कार्यान्वयन (सा.ख.ऐन दफा ६, स्थाससंऐ दफा ८४ उपदफा २ को ट) | खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार भएको । *(आधार १)* | खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार भई आंशिक कार्यान्वयन भएको । *(आधार १,२)* | खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार भई पूर्ण रूपमा कार्यान्वयन भएको । *(आधार १,२,३)* | १.वार्षिक खरिद योजना र खरिदको गुरु योजनाको प्रति<br>२.खरिद योजनाको वार्षिक समीक्षा प्रतिवेदन<br>३.*[34]बहुवर्षीय योजना तथा सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको सीमाको योजनाको खरिद गुरुयोजना तयार भएको अवस्थामा मात्र उत्तम अवस्थाको अङ्क दिने। |
| ४.२.४ वार्षिक बजेट कार्यान्वयनको प्रगति समीक्षा (स्थाससंऐ दफा ७१ को ६) | गत आर्थिक वर्षको समीक्षा चालु आ.व.को पहिलो चौमासिकभित्र नगरेको। *(आधार नचाहिने)* | गत आर्थिक वर्षको समीक्षा चालु आ.व.को पहिलो चौमासिकभित्र गरेको तर समीक्षा प्रतिवेदन सार्वजनिक नगरेको। *(आधार १,२)* | गत आर्थिक वर्षको समीक्षा चालु आ.व.को पहिलो चौमासिकभित्र सम्पन्न गरी समीक्षा प्रतिवेदन सार्वजनिक गरेको। *(आधार १,२,३)* | १.समीक्षाको कार्यक्रमको उपस्थिति<br>२.समीक्षा कार्यक्रमको प्रतिवेदन<br>३.सार्वजनिक संचार माध्यमबाट समीक्षा प्रतिवेदन सार्वजनिक गरेको प्रमाण |

## स्वमूल्याङ्कन विषयक्षेत्र - ४: वित्तीय एवम् आर्थिक व्यवस्थापन

### ४.३ परिमाणात्मक स्थिति

| सूचक | नतिजा | | | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| | कमजोर | सामान्य | उत्तम | |
| ४.३.१ रकमान्तर (स्थाससंऐ दफा ७९) | तोकिएको सीमा वा शीर्षक बाहिर गई रकमान्तर भएको। *(आधार नचाहिने)* | सभाबाट स्वीकृत गरेका कार्यक्रममा सीमा वा शीर्षक बाहिर गई रकमान्तर गरेको। *(आधार १,२,३)* | सभाबाट स्वीकृत गरेका कार्यक्रममा तोकिएको सीमा र शीर्षकभित्र मात्र खर्च भई रकमान्तर नगरेको। *(आधार १,२,३)* | १. स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम<br>२. संशोधित वार्षिक कार्यक्रम,<br>३. SUTRA बाट प्राप्त बजेट र खर्च विवरण<br>४.*[35]तोकिएको सीमा भित्र रहेको तर कार्यक्रम नै संशोधन गरी नयाँ आयोजना वा कार्यक्रमको लागि रकमान्तर गरेको अवस्थामा कमजोर अवस्थाको अङ्क दिने। |
| ४.३.२ प्रशासनिक खर्च (स्थाससंऐ दफा ७१ अनुसारको | आन्तरिक आय र राजस्व बाँडफाँटबाट प्राप्त रकम | आन्तरिक आय र राजस्व बाँडफाँट शीर्षकबाट | आन्तरिक आय र राजस्व बाँडफाँट शीर्षकबाट | १. वार्षिक बजेट तथा कार्यक्रम<br>२. आन्तरिक आयको विवरण |

[34] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

[35] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

| सूचक | नतिजा | | | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| | कमजोर | सामान्य | उत्तम | |
| आय व्यय अनुमान अनुसार) | भन्दा बढी प्रशासनिक खर्च भएको<br>*(आधार १,२)* | प्रशासनिक खर्च पुर्याएको।<br>*(आधार १,२,३)* | प्रशासनिक खर्च पुर्याई पूँजीगत कार्यक्रममा समेत खर्च गरेको ।<br>*(आधार १,२,३,४)* | ३. SuTRA बाट प्राप्त बजेट र खर्च विवरण<br>४. *[36]प्रशासनिक खर्चमा सशर्त अनुदानबाट जाने तलबभत्ताको हिसाब नगर्ने। |
| ४.३.३ पुँजीगत खर्च (स्थाससंऐ दफा ७१ अनुसारको आय व्यय अनुमान अनुसार) | पुँजीगत बजेटको ६०% भन्दा कम खर्च गरेको।<br>*(आधार १,२,३)* | पुँजीगत बजेटको (६०-८०)% सम्म खर्च गरेको।<br>*(आधार १,२,३)* | पुँजीगत बजेटको ८०% भन्दा बढी खर्च गरेको।<br>*(आधार १,२,३)* | १. SuTRA बाट प्राप्त बजेट र खर्च विवरण<br>२. आन्तरिक लेखा परीक्षण प्रतिवेदन<br>३. वार्षिक प्रगति प्रतिवेदन |
| ४.३.४ राजस्व सङ्कलन (स्थाससंऐ दफा ७१) | राजस्व अनुमान को ७०% भन्दा कम राजश्व सङ्कलन भएको।<br>*(आधार १,४)* | राजस्व अनुमान को (७०-९०)% राजश्व सङ्कलन भएको ।<br>*(आधार १,४)* | राजस्व अनुमान को ९०% भन्दा बढी राजश्व सङ्कलन भएको ।<br>*(आधार १,४)* | १. *[37]वार्षिक योजना तथा बजेट पुस्तिका<br>२. वार्षिक प्रगति पुस्तिका<br>३. आन्तरिक राजस्वको लक्ष र सङ्कलित राजस्वको परिमाण देखिने दस्तावेज।<br>४. *[38]वार्षिक बजेट पेश गर्दा गरेको अनुमानसँग तुलना गर्ने। |
| ४.३.५ खर्च गर्ने अख्तियारी (स्थाससंऐ दफा ७३) | प्रमुख वा अध्यक्षले खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई नदिएको।<br>*(आधार नचाहिने)* | प्रमुख वा अध्यक्षले खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई तोकिएको समय भन्दा पछि दिएको।<br>*(आधार १)* | खर्च गर्ने अख्तियारी प्रमुख वा अध्यक्षले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई दिएको।<br>*(आधार १,२)* | १. अख्तियारीको प्रति ।<br>२. *[39]वार्षिक बजेट तथा कार्यक्रम सभाबाट तोकिएको समयमै स्वीकृत भएको ७ दिनभित्र दिएको अवस्थामा मात्र उत्तम अवस्थाको अङ्क दिने। |

## स्वमूल्याङ्कन विषयक्षेत्र - ५: सेवाप्रवाह

### ५.१ समग्रस्थिति

[36] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।
[37] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।
[38] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।
[39] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

| सूचकक्षेत्र | अवस्था -१ | अवस्था - २ | अवस्था ‍ ३ | अवस्था ‍ ४ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|
| ५.१.१ सेवा प्रवाह (स्थाससंऐ दफा११) | स्थानीय तहबाट नागरिकलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधाको सम्बन्धमा कार्यपालिका बैठकमा छलफल हुने गरेको। *(आधार १)* | स्थानीय तहबाट नागरिकलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधाको सम्बन्धमा कार्यपालिकामा छलफल भई सेवा प्रवाह सुधारका सम्बन्धमा निर्णय समेत भएको । *(आधार १)* | स्थानीय तहबाट नागरिकलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधाको सम्बन्धमा कार्यपालिकामा छलफल भई सेवा प्रवाह सुधारका सम्बन्धमा निर्णय भई ५० प्रतिशत कार्यान्वयन भएको। *(आधार १,२)* | स्थानीय तहबाट नागरिकलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधाको सम्बन्धमा कार्यपालिकामा छलफल भई सेवा प्रवाह सुधारका सम्बन्धमा निर्णय भई पूर्ण रूपमा कार्यान्वयन भएको। *(आधार १,२,३)* | १. कार्यपालिकाको बैठकको निर्णय<br>२. निर्णय कार्यान्वयन प्रगति प्रतिवेदन<br>३. *[४०]व्यवस्थापन परीक्षण, exit pole जस्ता विधि प्रयोग गरी प्राप्त सुझावको आधारमा सभामा छलफल गरी सुधारका पक्ष कार्यान्वयन गरिएको अवस्थामा मात्र अवस्था ४ को अङ्क दिने। |
| ५.१.२ वडाले उपलब्ध गराउने सेवा (स्थाससंऐ दफा१२) | सबै वडामा कार्यालय स्थापना नगरी सयुक्त वडा कार्यालयबाट सेवाप्रवाह गर्ने गरिएको। *(आधार १)* | सबै वडामा कार्यालयहरू स्थापना भएको। *(आधार १)* | सबै वडामा कार्यालय स्थापना भई वडाबाट सेवाहरू प्रवाह भएको। *(आधार १,२,४)* | सबै वडामा आफ्नै भवनमा कार्यालय स्थापना भई सबै सेवाहरू प्रवाह भएको। *(आधार १,२,३)* | १. वडा कार्यालयहरू स्थापनाको विवरण<br>२. वडाबाट सेवा प्रवाहको विवरण<br>३. वडा कार्यालयको भवनको अभिलेख<br>४. *[४१]वडा कार्यालय भवन भाडामा रहेको अवस्थामा अवस्था ३ अनुसारको अङ्क दिने। |
| ५.१.३ सेवा प्रतिको सन्तुष्टी (स्थाससंऐ दफा ११,१२ को काम) | सेवाप्रवाह प्रति सेवाग्राहीहरुलाई सन्तुष्ट बनाउन नसकिएको। *(आधार नचाहिने)* | कार्यालयबाट प्रवाह भएका सेवाहरु मध्ये केही सेवाहरुमा मात्र सेवाग्राहीहरु सन्तुष्ट बनाउन सकिएको। *(आधार १)* | सेवाप्रवाहको स्तर सन्तोषजनक रहेको। *(आधार १, ३)* | सेवाप्रवाहबाट सेवाग्राही पूर्ण सन्तुष्ट भएको। *(आधार १,२,३,४)* | १. गुनासो वा उजूरी संख्या र निर्णय,<br>२. उपभोक्ता सर्भे,<br>३. सार्वजनिक सुनुवाइको अभिलेख र तस्विर/भिडियो<br>४. *[४२]सेवाग्राही सन्तुष्टि सर्वेक्षण Exit Pole जस्ता विधि प्रयोग गर्दा कुनै कमजोरी नदेखिएको अवस्थामा मात्र अवस्था ४ अनुसारको अङ्क दिने। |

[40] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।
[41] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।
[42] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

| स्वमूल्याङ्कन विषयक्षेत्र - ५: सेवाप्रवाह | | | | |
|---|---|---|---|---|
| ५.२ प्रक्रियागत स्थिति | | | | |
| विषयसम्बन्धी सूचक | कमजोर | सामान्य | उत्तम | प्रमाणीकरणको आधार |
| ५.२.१ सेवाप्रवाहमा प्रविधिमा आधारित टोकन, अनलाइन रजिष्ट्रेसन वा कम्प्युटर बिलिङ्ग प्रविधिको प्रयोग (स्थाससंऐ दफा११ को उपदफा २ को ङ १) | सेवा प्वाहमा उल्लेखित कुनै पनि सूचना प्रविधिको प्रयोग नभएको ।<br>*(आधार नचाहिने)* | सेवाप्रवाहमा उल्लेखित मध्ये २ प्रकारको सूचना प्रविधिको प्रयोग भएको ।<br>*(आधार १,२,३)* | सेवाप्रवाहमा उल्लेखित सबै प्रकारको सूचना प्रविधिको प्रयोग भएको।<br>*(आधार १,२,३,४)* | १. टोकन प्रणाली<br>२. अनलाईन रजिष्ट्रेसन<br>३. कम्प्युटर बिलिङ्ग<br>४. कार्यालयबाट प्रदान गरिने सबै सेवालाई अनलाइन वा सफ्टवेयरमा आधारित बनाएको अवस्थामा मात्र उत्तम अवस्थाको अङ्क दिने। |
| ५.२.२ सेवाप्रवाहको मापदण्ड (SOP)<br>(स्थाससंऐ दफा ११ को उपदफा २ को ङ १) | कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड तयार नभएको ।<br>*(आधार नचाहिने)* | कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड तयार भएको तर कार्यान्वयन नभएको।<br>*(आधार १,२)* | कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड तयार भई कार्यान्वयन भएको ।<br>*(आधार १,२,३)* | १. कार्यालय र वडा कार्यालयबाट प्राप्त गर्ने गरी निर्धारित गरिएका सेवाका मापदण्ड एवं सूचकहरु,<br>२. वेवसाईटमा मापदण्ड राखिएको<br>३. मापदण्ड पालनाको समीक्षा प्रतिवेदन । |
| ५.२.३ बैकिङ्ग प्रणालीबाट भुक्तानी<br>(स्थाससंऐ दफा११ को उपदफा २ को ङ ७) | कार्यालयबाट गरिने भुक्तानीहरु बैंकिंग प्रणाली र नगदमा समेत हुने गरेको।<br>*(आधार नचाहिने)* | सबै भुक्तानीहरु बैंकिङ्ग प्रणालीद्वारा गर्ने गरिएको।<br>*(आधार १)* | सबै भुक्तानीहरु बैंकिङ्ग प्रणालीद्वारा भई e-Payment लागु गरेको।<br>*(आधार १,२)* | १. बैंकिङ्ग भुक्तानी प्रणाली<br>२. e-payment को लागि भएको सम्झौता |
| ५.२.४ वडामा सेवाप्रवाहको वैकल्पिक व्यवस्था<br>(स्थाससंऐ १६को उपदफा ४ को ग को ६ र दफा१८ को उपदफा ३) | वडाहरुमा वडा अध्यक्षको अनुपस्थितिमा निजले उपलव्ध गराउनुपर्ने सेवाको वैकल्पिक व्यवस्था नगरेको<br>*(आधार नचाहिने)* | वडाहरुमा वडा अध्यक्षको अनुपस्थितिमा निजले उपलव्ध गराउनुपर्ने सेवाको वैकल्पिक व्यवस्था कहिले काँही/ केही वडामा गर्ने गरेको।<br>*(आधार १)* | सबै वडामा वडा अध्यक्ष अनुपस्थित हुँदा निजले उपलव्ध गराउनु पर्ने सेवाको वैकल्पिक व्यवस्था गर्ने गरेको।<br>*(आधार १,२,३)* | १. जिम्वेवारी तोकिएको पत्रको प्रति ।<br>२. अधिकार प्रत्यायोजनको प्रति ।<br>३. *[43]वैकल्पिक व्यवस्था मिलाएको जानकारी गाउँ /नगरपालिकामा प्राप्त हुने गरेको र सोको जानकारी जिल्ला प्रशासन कार्यालय र सूचना पाटीमा टाँस भएको अवस्थामा मात्र उत्तम अवस्थाको |

[43] पहिलो सम्शोधन २०७८।०९।१८ बाट थप भएको।

| विषयसम्बन्धी सूचक | कमजोर | सामान्य | उत्तम | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| | | | | अङ्क दिने। |

## स्वमूल्याङ्कन विषयक्षेत्र - ५: सेवाप्रवाह

### ५.३ परिमाणात्मक स्थिति

| सूचक | नतिजा | | | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| | कमजोर | सामान्य | उत्तम | |
